सेन्टर फर मिडिया रिसर्च – नेपाल

# नीति पत्र

नीति पत्र शृङ्खला नं. १७
असार, २०७८

गण्डकी प्रदेश

# आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको समीक्षा र सुझावहरू

## १. पृष्ठभूमि

गण्डकी प्रदेशमा ११ वटा जिल्ला पर्छन् । जसमा मनाङ, मुस्ताङ, बाग्लुङ, पर्वत, म्याग्दी, कास्की, लम्जुङ, स्याङजा, तनहुँ, गोरखा र नवलपुर छन् । यो प्रदेशमा १८ वटा संघीय निर्वाचन र ३६ वटा प्रदेशिक निर्वाचन क्षेत्र छन् । एउटा महानगरपालिका र २६ वटा नगरपालिका छन् भने ५८ वटा गाउँपालिका रहेका छन् । कुल २१ हजार ५ सय ४ वर्ग कि.मी. क्षेत्रफल रहेको गण्डकी प्रदेशमा २० लाख ९२ हजार १ सय ५३ जनसंख्या छ । [१]

गण्डकी प्रदेशका १० वटा जिल्लामा ५ सय ९५ वटा पत्रिका दर्ता भएकोमा ८४ वटा प्रकाशित छन् । मनाङ जिल्लामा एउटा पनि पत्रिका दर्ता भएको छैन । जिल्लाहरूमा एफएम रेडियो र टिभी सञ्चालनमा रहेपनि संख्यात्मक हिसाबले पोखरामा बढी छन् । पोखरामा ३६ वटा एफएम रेडियोमा सञ्चालनमा छन् । पोखराबाट प्रसारण हुनेमा पोखरा टिभी, फेवा टिभी, गण्डकी र गोल्डेनआई टिभी छन् । त्यस्तै क्लियर टिभी, वर्ल्डलिङक, भायनेटले नेट टिभी उपलब्ध गराएका छन् । प्रभु र डिसहोमले वायरलेस प्रविधिमार्फत सेवा दिएका छन् । त्यस्तै म्याक्सले पनि केवलमार्फत सेवा प्रवाह गरेको छ । [२]

गण्डकी प्रदेशले २०७५ सालमा प्रदेश आमसञ्चार नीति २०७५ ल्याएको थियो भने २०७५ सालमा नै गण्डकी प्रदेश आमसञ्चार सम्बन्धी व्यवस्था गरेको विधेयकको मस्यौदा ल्याएको थियो । यो विधेयकलाई थप परिमार्जन गरी गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभामा दर्ता गरिएको छ । मस्यौदा विधेयकमा रहेका समस्याहरू मध्ये केहीलाई परिमार्जन गरेर प्रदेश सभामा दर्ता गरिएको छ । पहिलेको तुलनामा पछिल्लो विधेयकमा सुधार भएपनि अझैपनि केही समस्या रहेको पाइन्छ ।

१ http://moial.gandaki.gov.np/pages/about-us
२ गण्डकी प्रदेश मिडियामा कोभिड प्रभाव । २०७७ । सेन्टर फर मिडिया रिसर्च नेपाल ।

प्रदेशस्तरको आमसञ्चर माध्यमको अनुमति प्रदान गर्ने, नियमन गर्ने प्रेस रजिष्ट्रारले नै आचार संहिता वा मिडिया सम्बन्धी गुनासो सुनुवाई गर्ने व्यवस्था, पत्रपत्रिकाको दर्ता कायम नरहने व्यवस्था, सार्वजनिक प्रसारण संस्था र सामुदायिक प्रसारण संस्थाका लागि प्राथमिकताका विषयहरू, प्रसारकको काम कर्तव्य र अधिकार, आमसञ्चार माध्यमको स्वामित्व हस्तान्तरण सम्बन्धी व्यवस्था, सरकारले प्रेस रजिष्ट्रारलाई निर्देशन दिन सक्ने प्रावधान लगायतमा समस्या रहेको देखिन्छ । सञ्चार समन्वय समितिबारे पनि थप छलफल गर्नु पर्ने आवश्यता छ । दुई वर्ष अघि तयार पारिएको विधेयकको मस्यौदामा प्रेस रजिष्ट्रार निर्देशन समितिको गठन र प्रेस रजिष्ट्रार निर्देशन समितिको काम, कर्तव्य र अधिकारका महत्वपूर्ण पक्षलाई सञ्चार समन्वय समितिमा राखिएकाले त्यसबारे थप बहस गर्दा उपयुक्त हुने देखिन्छ । सुझाव र सल्लाह दिन सकाकारी तहबाट समितिहरू गठन हुनुलाई अन्यथा लिन आवश्यक नभएपनि समितिले प्रेस रजिष्ट्रार लगायतलाई निर्देशनका साथै मिडियाका विभिन्न पक्षमा नकारात्मक असर पर्न सक्छ कि सक्दैन भनेर बेलैमा स्पष्ट हुन जरूरी देखिन्छ ।

# २. विधेयकका मुख्य व्यवस्थाहरू

## २.१ प्रसारण सम्बन्धी व्यवस्थाहरू

### (क) सञ्चार समन्वय समिति

आमसञ्चारसँग सम्बन्धित नीतिगत विषयमा प्रदेश सरकारलाई सुझाव दिन तथा सञ्चार माध्यम र आम नागरिकबीच सु-सम्बन्ध कायम गर्न एक सञ्चार समन्वय समिति रहने व्यवस्था गरिएको छ । जसमा गण्डकी प्रदेश सरकारको सञ्चार क्षेत्र हेर्ने मन्त्री अध्यक्ष, मन्त्रालयका सचिव र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव सदस्य, नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश समितिका अध्यक्ष, रेडियो, टेलिभिजन, छापा र अनलाइन सञ्चालक संस्था मध्ये मन्त्रालयबाट मनोनित कम्तीमा दुई जना महिला सहित चार जना सदस्य रहने र प्रेस रजिष्ट्रार सदस्य सचिव रहने व्यवस्था गरिएको छ ।

मनोनित सदस्यको पदावधि दुई वर्षको हुने र मनोनित सदस्यको कार्य सन्तोषजनक नभएमा मन्त्रालयले निजलाई पदाबधि पूरा हुनु अगाडि नै पदमुक्त गर्न सक्ने प्रावधान राखिएको छ ।

समितिको काम, कर्तव्य र अधिकारमा आमसञ्चारसँग सम्बन्धित नीतिगत विषयमा प्रदेश सरकारलाई सुझाव दिने, आमसञ्चार क्षेत्रको विकासका लागि उपयुक्त वातावरण सृजना गर्ने, पूर्ण प्रेस स्वतन्त्रता, विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सञ्चारको हकको प्रवर्धन गर्ने र आमसञ्चार माध्यमको स्वतन्त्रता र मर्यादा प्रवर्धन गर्ने छन् ।

२०७५ सालमा तयार पारिएको विधेयकको मस्यौदामा सञ्चार समन्वय समितिसँग मेल खाने गरी प्रेस रजिष्ट्रार निर्देशन समिति गठन गर्ने उल्लेख थियो । यसमा अन्तरिम मामिला तथा कानुन मन्त्री संयोजक रहने र सदस्यहरूमा मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, आन्तरिक मामिला तथा कानुनका सचिव, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष र शान्ति सुरक्षा तथा सूचना समन्वय महाशाखाका प्रमुखलाई सदस्य सचिव बनाउने उल्लेख थियो ।

प्रेस रजिष्ट्रार निर्देशन समितिको काम, कर्तव्य र अधिकारमा आमसञ्चार गतिविधि सम्बन्धी अध्ययन, अनुसन्धान र मूल्यांकन गर्ने, लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धी मापदण्ड कार्यान्वयन गर्न लगाउने र सूचनाको हकको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक कार्य गर्नेलाई हटाइएको छ । अरू बुँदालाई पनि थप परिष्कृत बनाउने गरी परिमार्जन गरिएको छ ।

### (ख) प्रेस रजिष्ट्रार सम्बन्धी व्यवस्था

प्रदेशमा आमसञ्चार माध्यमको व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि मन्त्रालयले प्रेस रजिष्ट्रार नियुक्त गर्न सक्ने,प्रेस रजिष्ट्रारको नियुक्तिका लागि मन्त्रालयको प्रदेश सचिवको संयोजकत्वमा मन्त्रालयले तोकेको आमसञ्चार क्षेत्रको विज्ञ र मन्त्रालयको महाशाखा प्रमुख रहेको तीन सदस्यीय छनौट समितिको गठन गर्ने प्रावधान राखिएको छ । यस्तै प्रतिस्पर्धाको आधारमा प्रेस रजिष्ट्रारको नियुक्तिका लागि बढीमा तीन जना व्यक्तिको नाम मन्त्रालय समक्ष सिफारिस गर्ने र प्रेस रजिष्ट्रारको पदाबधि चार वर्षको हुने व्यवस्था गरिएको छ ।

नेपाली नागरिक, तीस वर्ष उमेर पूरा भएको,नियुक्ति हुँदाका

बखत कुनै राजनीतिक दलको सदस्य नभएको,कम्तीमा स्नातक तह उत्तिर्ण गरेको, नेपाल सरकार वा प्रदेश सरकारबाट प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गरी कम्तीमा दश वर्ष पत्रकारिता क्षेत्रमा क्रियाशील रहेको हुनुपर्ने उल्लेख गरिएको छ ।

प्रेस रजिष्ट्रारको काम, कर्तव्य र अधिकारमा आमसञ्चार क्षेत्रको विकासका लागि मन्त्रालय समक्ष कार्यक्रम प्रस्ताव गर्ने, प्रदेश स्तरको आमसञ्चार माध्यमको सञ्चालन अनुमतिपत्र प्रदान गर्ने, नवीकरण गर्ने र नियमन गर्ने, एक सय भन्दामाथि एक हजार वाटसम्मको एफ।एम। रेडियोको सञ्चालनको इजाजत दिने, नवीकरण गर्ने र नियमन गर्ने राखिएको छ । यस्तै छापासञ्चार, अनलाइन सञ्चारमाध्यम, रेडियो, सामुदायिक रेडियो, टेलिभिजन, केबुल टेलिभिजन र केबुल वितरकको अभिलेख राख्ने,एफ। एम।रेडियो फ्रिक्वेन्सी सम्बन्धी योजना निर्माण गर्ने, आमसञ्चार प्रविधिको प्रयोग र प्रवर्धनका लागि आवश्यक कार्य गर्ने, आमसञ्चार माध्यमका विषयमा नागरिकबाट प्राप्त गुनासोको सुनुवाई गर्ने व्यवस्था गरिएको छ । त्यस अतिरिक्त आमसञ्चार गतिविधि सम्बन्धी अध्ययन, अनुसन्धान र मूल्याङ्कन गर्नेरगराउने, श्रमजीवी पत्रकार र आमसञ्चार माध्यमको व्यवस्थापकका बीच सेवा शर्त र सुविधा सम्बन्धमा देखिएका विवाद वार्ता वा मेलमिलाप जस्ता माध्यमबाट समाधान गर्न पहल गर्ने रहेको छ । त्यस्तै आफूले सम्पादन गरेको कार्य प्रगतिको विवरण तोकिए बमोजिम मन्त्रालय समक्ष पेश गर्ने,आमसञ्चार माध्यमको वर्गीकरण गर्ने सम्बन्धमा सिफारिश गर्ने,आमसञ्चार माध्यमलाई उपलब्ध गराउन सकिने सुविधाको विषयमा सिफारिश गर्ने लगायतका व्यवस्था गरिएको छ ।

२०७५ सालमा तयार पारिएको मस्यौदा विधेयकमा प्रेस रजिष्ट्रारको काम, कर्तव्य र अधिकारको पहिलो बुँदामा वार्षिक नीति, बजेट तथा कार्यक्रम प्रस्ताव उल्लेख गर्ने थियो भने अहिलेको विधेयकको पहिलो बुँदामा आमसञ्चार क्षेत्रको विकासका लागि मन्त्रालय समक्ष कार्यक्रम पेश गर्ने उल्लेख गरिएको छ । त्यसैगरी आमसञ्चार माध्यमको वर्गीकरण गर्ने सम्बन्धमा सिफारिस गर्ने लगायतका प्रावधान थप गरिएको छ ।

## (ग) छापासञ्चार माध्यम सम्बन्धी व्यवस्था

प्रदेशभित्र प्रकाशन गर्न चाहने व्यक्तिले पत्रपत्रिका दर्ता गर्नुपर्ने, दर्ता प्रमाण दिनुपर्ने, त्यसको जानकारी प्रेस रजिष्ट्रारलाई दिनु पर्ने, दर्ता भएको छापासञ्चारको विवरणमा भएका परिवर्तनहरूको जानकारी कार्यालयले प्रेस रजिष्ट्रारलाई दिनु पर्ने लगायतका व्यवस्था गरिएको छ ।

२०७५ सालमा तयार पारिएको विधेयकमा पत्रपत्रिकाको अभिलेखीकरणका लागि प्रेस रजिष्ट्रारको कार्यालयमा दरखास्त दिनु पर्ने उल्लेख थियो भने अहिलेको विधेयकमा छापा माध्यमहरू दर्ता गर्नु पर्ने र त्यसका लागि दस्तुर सहित तोकिएको ढाँचामा कार्यालय समक्ष निवेदन दिनुपर्ने उल्लेख गरिएको छ ।

छापासञ्चारलाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाबाट उपलब्ध गराइने सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउने प्रयोजनका लागि वर्गीकरण गरिने, वर्गीकरण गर्दा छापासञ्चार प्रकाशन संस्थाको भौतिक पूर्वाधार, जनशक्ति, लगानी, उद्देश्य, स्वामित्व, छापासञ्चारको पहुँच क्षेत्र, प्रकाशनको नियमितता, श्रमजीवी पत्रकारका लागि प्रदान गरिएको सुविधा, सामाजिक सुरक्षाको व्यवस्था लगायतका आधारमा आधारमा वर्गीकरण गरिने उल्लेख छ ।

छापासञ्चारमा कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशन गरे बापत त्यस्तो छापासञ्चारको दर्ता खारेज वा जफत गरिने नगरिने पनि विधेयकमा उल्लेख गरिएको छ ।

छापासञ्चार दर्ता भएको मितिले एक वर्षभित्र एक अङ्क पनि प्रकाशन नगरेमा, छापासञ्चार प्रकाशन नगरेको मितिले एक वर्षभित्र त्यसको लिखित सूचना प्रेस रजिष्ट्रारलाई नदिएमा, दर्ता भई सञ्चालनमा रहेको छापासञ्चारले पाँच वर्षसम्म पनि कुनै अङ्क प्रकाशन नगरेमा छापासञ्चारको दर्ता कायम नरहने व्यवस्था पनि विधेयकमा उल्लेख छ । त्यसैगरी कुनै छापाखानाले समाचार, लेख, वा अन्य पाठ्य सामग्री मुद्रण गरे बापत त्यस्तो छापाखाना बन्द वा जफत गरिने छैन भन्ने पनि विधेयकमा उल्लेख छ ।

## (घ) प्रसारण माध्यम सम्बन्धी व्यवस्था

प्रसारक संस्थाले इजाजतपत्र नलिई कार्यक्रम प्रसारण, सिग्नल वितरण, भू-उपग्रह प्रसारण केन्द्रको स्थापना र प्रसारण नेटवर्कमार्फत कार्यक्रम प्रसारण तथा डाउनलिङ्क गर्न नहुने, प्रदेशभित्रको कुनै ठाउँमा केबुलमा आधारित टेलिभिजन वा अन्य प्रसारण माध्यमद्वारा कुनै कार्यक्रमको

प्रसारण गर्न वा एक हजार वाटसम्मको फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले तोकिएको दस्तुर सहित प्रेस रजिष्ट्रारसमक्ष निवेदन दिनुपर्ने, प्रेस रजिष्ट्रारले तोकिएका शर्तहरू पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न वा फ्रिक्वेन्सी मोडुलेसन स्थापना गर्न तोकिएको ढाँचामा इजाजतपत्र दिन सक्ने व्यवस्था गरिएको छ ।

कुनै प्रसारक संस्थाले स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसारण केन्द्र स्थापना गरी वा नेटवर्कमार्फत कुनै कार्यक्रम प्रदेशको जुनसुकै भूभागमा प्रसारण गर्न चाहेमा तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्ने र यसरी प्राप्त निवेदन उपर नेपाल सरकारसँगको समन्वयमा अनुमति दिन सकिने लगायतका व्यवस्था राखिएको छ ।

इजाजतपत्र लिनु पर्ने प्रावधान अन्तर्गतका प्रावधानहरूमा अहिले दर्ता गरिएको विधेयकमा  प्राप्त निवेदन उपर नेपाल सरकारसँगको समन्वयमा अनुमति दिन सकिने प्रावधान राखिएको छ । मस्यौदा विधेयकमा सो कार्यबारे रजिष्ट्रारले अनुमति दिने भन्ने भएपनि नेपाल सरकारसँगको समन्वय भन्ने राखिएको थिएन ।

इजाजतपत्र बहाल रहने अवधि एक आर्थिक वर्षको हुने,इजाजतपत्र प्राप्त संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र तोकिएको नवीकरण दस्तुर तथा प्रसारण शुल्क सहित प्रेस रजिष्ट्रार समक्षनिवेदन दिनु पर्ने, तोकिएको अवधिभित्र नवीकरण नगराउने संस्थासँग तोकिए बमोजिमको जरिबाना लिई नवीकरण गरिने व्यवस्था गरिएको छ ।

२०७५ सालमा तयार पारिएको विधेयकमा प्रसारण संस्थाको इजाजतपत्र रद्ध गर्न सकिने प्रावधान राखिएको थियो । जसमा नियम विपरित प्रसारण गरेमा, इजाजतपत्र प्राप्त गरेको मितिले एक वर्षभित्र तोकिएको शर्त बमोजिम प्रसारण गर्न नसकेमा, लगातार तीन वर्षसम्म इजाजत्र पत्र नवीकरण नगराएमा भन्ने प्रावधान थिए । ती प्रावधानहरूलाई अहिलेको विधेयकमा हटाइएको छ ।

प्रसारण माध्यमलाई सार्वजनिक सेवा प्रसारक, सामुदायिक प्रसारक र निजी एवं व्यापारिक प्रसारक संस्थाको रूपमा वर्गीकरण गर्न सकिने, समुदायिक विविधता र जन हितको प्रवर्द्धन गर्ने र गैर नाफामूलक प्रसारण, शिक्षा, जनस्वास्थ्य, स्थानीय उत्पादन, बजार विकास र ज्ञान तथा सीप प्रवर्द्धन गर्ने र सामाजिक कुरीति विरूद्ध सचेतना जगाउने,भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षणमा योगदान दिने, प्रदेश सरकार तथा स्थानीय तहको काम कारवाहीको प्रचार प्रसार र सार्वजनिक अनुगमनका लागि सहयोग गर्ने लगायतलाई प्राथमिकतामा राखिएको छ ।

## (ङ) विज्ञापन सम्बन्धी व्यवस्था

कसैले कुनै विषयमा विज्ञापन प्रसारण गराउन चाहेमा तोकिएको दस्तुर लिई विज्ञापन प्रसारण गराउने समय उपलब्ध गराउन सकिने तर जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने सुर्तीजन्य, धुम्रपान तथा मदिराजन्य पदार्थहरूको विज्ञापन प्रसारण गर्न नपाइने व्यवस्था उल्लेख गरिएको छ ।

यस्तै अश्लिल सामग्री, सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्री, जनमानसमा अस्वाभाविक भय तथा आतंक पैदा गर्ने प्रकृतिका विषय, नेपालको असंलग्न परराष्ट्र नीति विपरीतका कुरा र कुनै पनि जातजाति भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्याङ्कन गर्ने सामग्री प्रसारण गर्न गराउन नपाइने पनि व्यवस्था राखिएको छ ।  कुनै विज्ञापन प्रकाशन वा प्रसारण गर्दा गलत सूचना प्रवाह भई कुनै व्यक्तिलाई क्षति पुग्न गएमा सो को क्षतिपूर्ति सम्बन्धित प्रकाशक वा प्रसारण संस्थाले पीडितलाई उपलब्ध गराउनु पर्ने व्यवस्था पनि गरिएको छ ।

## (च) प्रसारकको काम कर्तव्य र अधिकार सम्बन्धी

राजनीतिक रूपमा तटस्थ र निश्पक्ष भई समाचारको सम्पादन तथा प्रसारण गर्ने, सार्वजनिक सुरक्षा, नैतिकता र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रमहरू प्रसारण नगर्ने व्यवस्था गरिएको छ । यस्तै विवादास्पद विषयमा प्रसारण गर्नु परेमा सम्भव भएसम्म सबै दृष्टिकोणबाट विश्लेषण गरी यथार्थ वस्तुस्थिति र घटनाको प्रसारण गर्ने र गलत तथा भ्रामक समाचारको सङ्कलन तथा प्रसारण नगर्ने उल्लेख गरिएको छ ।

## २.२ अनलाइन सञ्चार माध्यम सम्बन्धी व्यवस्था

दर्ता नगरी अनलाइन सञ्चार माध्यम सञ्चालन गर्न नहुने, प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने, प्रेस रजिष्ट्रारबाट प्राप्त दर्ता वा अभिलेखीकरण नम्बर, आर्थिक वर्ष, सञ्चालकको नाम, ठेगाना, सम्पर्क फोन नम्बर, सञ्चालक, सम्पादक र प्रस्तोताको नाम  राख्नु पर्ने व्यवस्था पनि गरिएको छ ।

२०७५ सालमा तयार पारिएको विधेयकमा अनलाइनको दर्ता नभइ प्रेस रजिष्ट्रार कार्यालय समक्ष अभिलेखीकरण गराउनु पर्ने व्यवस्था राखिएको थियो ।

यस्तै कुनै सामग्री आफ्नो अनलाइनमा प्रकाशन, प्रसारण, साभार वा उल्लेख गरेकोमा सो सामग्री दफा ४२ विपरीत ठहरिएमा त्यस्तो सामग्री उत्पादन गर्ने र प्रसारण गर्ने दुबैलाई प्रचलित कानुन बमोजिम कारवाही हुने र त्यस्तो सामग्री इन्टरनेटबाट हटाउन समेत सकिने भनिएको छ ।

विदेशबाट प्रकाशन वा प्रसारण हुने अनलाइन पत्रिकामा प्रकाशित वा प्रसारित कुनै सामग्री दफा ४२ विपरीत रहेको कुरा कुनै स्रोतबाट जानकारी भएमा त्यस्तो सामग्री प्रकाशन वा प्रसारणमा रोक लगाउन सकिने उल्लेख गरिएको छ ।

## २.३ श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक सम्बन्धी व्यवस्था

आमसञ्चार संस्थाले श्रमजीवीपत्रकारलाई नेपाल सरकारले समय समयमा तोकेको न्यूनतम पारिश्रमिक तथा सेवा सुविधा भन्दा कम नहुने गरी पारिश्रमिक दिनु पर्ने, पारिश्रमिक तथा सेवा सुविधा प्रदान गरे नगरेको सम्बन्धमा समय समयमा प्रेस रजिष्ट्रारले अनुगमन गर्न सक्ने, सेवा सुविधा उपलब्ध नगराएमा त्यस्तो संस्थालाई प्रदेश सरकारबाट दिइने सुविधा रोक्का गर्न सक्ने व्यवस्था पनि राखिएको छ । मापदण्ड पूरा नगर्ने आमसञ्चार माध्यमलाई प्रदेश सरकार वा मातहतका निकायबाट प्राप्त हुने सबै प्रकारका वा कुनै सुविधा रोक्का गर्न सकिने प्रावधान पनि राखिएको छ ।

## २.४ आमसञ्चार सम्बन्धी अन्य व्यवस्था

विधेयकमा आमसञ्चार माध्यम र सञ्चारकर्मीले आचारसंहिता पालना गर्नुपर्ने, आमसञ्चार माध्यमले प्रकाशन वा प्रसारण गरेको विषयले मर्का परेको भनी कुनै व्यक्ति वा संस्थाले गुनासो वा खण्डन गरेमा सोको सुनुवाइ गर्नु सम्बन्धित आमसञ्चार संस्थाको कर्तव्य हुने र सुनुवाई नभएमा वा सो उपर पीडित पक्षको चित्त नबुझेमा निजले पन्ध्र दिन भित्र प्रेस रजिष्ट्रार समक्ष उजुरी दिन सक्ने व्यवस्था गरिएको छ ।

कुनै पनि व्यक्ति, समूह वा संस्थाले आमसञ्चार सञ्चालन गर्न यस ऐन बमोजिम अभिलेखीकरण गर्न वा इजाजत लिने निवेदन साथ सम्बन्धित आमसञ्चार माध्यममा गरिने लगानीको श्रोत खुलाउनु पर्ने, कुनै आमसञ्चार माध्यममा पचास प्रतिशतभन्दा बढी लगानी गर्ने व्यक्ति, परिवार वा समूहलाई आफ्नै आमसञ्चार माध्यमको अनलाइन संस्करण बाहेक अन्य प्रकाशन वा प्रसारण वा अनलाइन माध्यमको स्वामित्वमा निर्णायक हिस्सा हुने गरी लगानी गर्न नदिने व्यवस्था पनि विधेयकमा गरिएको छ ।  यस्तै आमसञ्चार सम्बन्धी संस्थाका प्रतिनिधिहरूलाई प्रेस रजिष्ट्रारले प्रेस प्रतिनिधि प्रमाणपत्र प्रदान गर्न सक्ने लगायतका प्रावधान राखिएको छ ।

प्रदेशभित्र सञ्चालित सबै सञ्चार माध्यमहरूले आफ्नो सञ्चार माध्यममा आवश्यक हुने सम्पादक, समाचारदाता, कार्यक्रम सञ्चालक लगायतका पत्रकार तथा प्रसारकको दरबन्दी विवरण प्रेस रजिष्ट्रार समक्ष पेश गर्नु पर्ने प्रावधानका साथै पत्रकार तथा प्रसारको योग्यता तोक्न सकिने उल्लेख छ । २०७५ सालमा तयार पारिएको विधेयकमा पत्रकार सञ्चालक र शेयर होल्डर बन्न नपाइने पनि उल्लेख गरिएको थियो । सो प्रावधानलाई अहिलेको विधेयकमा हटाइएको छ ।

## २.५ प्रकाशन तथा प्रसारण गर्न नहुने

कुनै पनि स्वदेशी, विदेशी आमसञ्चारको माध्यमबाट नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइ बीचको सु-सम्बन्धमा आँच आउने, विभिन्न जात, जाती, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल

पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने विषय प्रकाशन तथा प्रसारण गर्न नहुने व्यवस्था गरिएको छ । यस्तै सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल हुने, श्रमप्रति अवहेलना गर्ने, जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरूत्साहन गर्ने, प्रदेशबीचको सु-सम्बन्धमा खलल पार्ने तथा विवाद सिर्जना हुने र श्रोत पुष्टि नभएका र अफवाह फैलाउने उद्देश्यले प्रेरित सामग्री प्रकाशन तथा प्रसारण गर्न नहुने पनि उल्लेख गरिएको छ ।

## २.६ सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

इजाजतपत्र नलिई कार्यक्रम उत्पादन, वितरण तथा डाउनलिङ्क गरेमा त्यस्तो व्यक्तिलाई इजाजतपत्र दस्तुर वापत लाग्ने दस्तुर बराबरको रकम असुल गरी सो बराबरको रकम जरिवाना हुने व्यवस्था छ । २०७५ सालमा तयार पारिएको विधेयकमा असुल उपर गरी सो बराबरको रकम वा एक वर्ष कैद वा दुवै सजाय समेत हुने उल्लेख गरिएको थियो ।

कसैले प्रकाशन तथा प्रसारण नहुने दफा ४२ को प्रावधान विपरीत प्रकाशन तथा प्रसारण गरेमा विषयको गाम्भिर्यता हेरी दश हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था राखिएको छ । २०७५ सालमा तयार पारिएको विधेयकमा विषयको गाम्भिर्यतालाई हेरी पच्चीस हजार रूपैयाँसम्म कैद वा दुवै सजाय हुनेछ ।

यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने कार्य नगरेमा वा गर्न नहुने कार्य गरेमा कसुरको मात्रा हेरी पाँच हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिबाना गर्न सकिने व्यवस्था गरिएको छ । २०७५ सालमा तयार पारिएको विधेयकमा प्रेस रजिष्ट्रारले कसुरको मात्रा हेरी पाँचहजार देखि एक लाख रूपैयाँसम्म जरिवाना गर्ने व्यवस्था गरिएको थियो ।

विषय हेरी मुद्दाको शुरू कारवाही र किनारा गर्ने अधिकार मन्त्रालयको सचिव र सम्बन्धित जिल्ला अदालतको हुने पनि विधेयकमा उल्लेख छ ।

# ३ विधेयकमा रहेका मुख्य समस्या

गण्डकी प्रदेश सरकारको सञ्चार क्षेत्र हेर्ने मन्त्री अध्यक्ष, मन्त्रालयका सचिव र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव सदस्य, नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश समितिका अध्यक्ष, रेडियो, टेलिभिजन, छापा र अनलाइन सञ्चालक संस्था मध्ये मन्त्रालयबाट मनोनित कम्तीमा दुई जना महिला सहित चार जना सदस्य रहने र प्रेस रजिष्ट्रार सदस्य सचिव रहने गरी बनाउने भनिएको सञ्चार समन्वय समिति मिडियालाई सहजीकरण गर्ने भन्दा पनि नियन्त्रण तथा निर्देशित गर्ने निकायका रूपमा रहन सक्ने हुँदा सचेत हुन जरूरी छ ।

दफा १५ मा छापासञ्चार दर्ता भएको मितिले एक वर्षभित्र एक अंक पनि प्रकाशन नगरेमा, छापाखाना प्रकाशन नगरेको मितिले एक वर्षभित्र त्यसको लिखित सुचना प्रेस रजिष्ट्रारलाई नदिएमा तर दर्ता भइ सञ्चारमा रहेको छापाखानाले पाँच वर्षसम्म पनि कुनै अंक प्रकाशन नगरेमा त्यस्तो छापा सञ्चारको दर्ता कामय नरहने उल्लेख छ । यो प्रावधान नेपालको संविधान २०७२ सँग बाझिएको छ ।

दफा २० को उपदफा ३ मा सार्वजनिक प्रसारण संस्था र सामुदायिक प्रसारण संस्थाले प्राथमिकतामा राखी प्रसारण गर्ने प्राथमिकताका विषय राखिएको छ । ऐनमा प्राथमिकताका विषय राख्नु उपयुक्त देखिँदैन र सञ्चारमाध्यमको प्राथमिकता सम्पादकीय अधिकारको विषय हुन्छ ।

दफा २९ मा कुनै सामग्री आफ्नो अनलाइनमा प्रकाशन, प्रसारण, साभार वा उल्लेख गरेकोमा सो सामग्री दफा ४२ विपरित ठहरिएमा त्यस्तो सामग्री उत्पादन गर्ने र दफा २० को उपदफा ४ मा सार्वजनिक सेवा प्रसारण संस्था, सामुदायिक प्रसारण संस्था र निजी एवं व्यापारिक प्रसारण संस्थाले अन्तर्राष्ट्रिय प्रसारण माध्यमबाट प्रसारित समाचार प्रधान सामग्री र कार्यक्रमलाई मन्त्रालयले अनुगमन, नियमन तथा आवश्यक निर्देशन दिन सक्ने उल्लेख गरिएको छ । निर्देशनले हस्क्षेप बढाउन सक्ने सम्भावना रहन्छ ।

दफा २३ मा प्रसारको काम कर्तव्य र अधिकार अन्तर्गत पाँचवटा बुँदा राखिएको छ । पत्रकारले कर्तव्य आचार संहितामा उल्लेख गर्ने विषय हो । आचार संहितामा राख्ने विषयलाई ऐनको दफामा उल्लेख गरेर बाध्यकारी बनाउन

जरूरी देखिँदैन ।

दफा ३६ मा आम सञचारमाध्यम र सञ्चारकर्मीले पत्रकार आचार संहिताको पूर्ण पालना गर्नुपर्ने, आमसञ्चार माध्यमले प्रकाशन वा प्रसारण गरेको विषयले मर्का परेको भनी कुनै व्यक्ति वा संस्थाले गुनासो वा खण्डन गरेमा सोको सुनुवाई गर्नु सम्बन्धित आमसञ्चार माध्यमको कर्तव्य हुने र सुनुवाई नभएमा वा सो उपर पीडित पक्षको चित्त नबुझेमा पन्ध्र दिन भित्र प्रेस रजिष्ट्रार समक्ष उजुरी दिने व्यवस्था छ । मिडियाको अनुगमन, नियमन र आचारसंहिता पनि प्रेस रजिष्ट्रारले  हेर्दा समस्या हुन सक्छ ।

दफा ३८ मा व्यक्ति वा संस्थाले कुनै पनि आमसञ्चार माध्यमका लगानी गर्न सक्ने छैन भन्ने व्यवस्था राखिएको छ । यो प्रावधान राष्ट्रिय आमसञ्चार नीतिसँग तालमेल हुँदैन । आमसञ्चार नीतिमा विदेशी लगानीकर्ताको भूमिका निर्णायक हुने गरी विदेशी लगानीलाई प्रोत्साहन गरिने छैन भन्ने उल्लेख छ ।

फा ४२ मा प्रकाशन तथा प्रसारण गर्न नहुने बुँदाहरू राखिएको छ । नेपालको संविधानमा उल्लेख भएका र मिडियासँग सम्बन्धित विषयलाई फौजदारी कारवाही हुने गरी प्रदेशको कानुनमा नराख्दा उचित हुन्छ।

दफा ५२ मा मन्त्रालयले प्रेस रजिष्ट्रारलाई आवश्यक निर्देशन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु प्रेस रजिष्ट्रारको कर्तव्य हुने उल्लेख छ । उल्लेखित प्रावधानले कुनै पनि सरकारलाई आमसञ्चार माध्यमहरू उपर नियन्त्रण कायम गर्न र अभिव्यक्ति स्वतन्त्रतामाथि बन्देज लगाउन कानुनी आधार प्रदान गर्न सक्छ । आचार संहिता समेत हेर्ने अधिकार पाएको प्रेस रजिष्ट्रारलाई सरकारले निर्देशन दिन सक्ने प्रावधानको दुरूपयोग हुन सक्छ । २०७५ सालमा तयार पारिएको विधेयकमा मन्त्रालयले प्रेस रजिष्ट्रारलाई निर्देशन दिन सक्ने व्यवस्था राखिएको थिएन ।

परिच्छेद ६ को दफा २५ को उपदफा ३ मा निवेदनका आधारमा दर्ता गर्न मनासिव देखेमा प्रेस रजिष्ट्रारले त्यस्तो अनलाइन सञ्चार माध्यम दर्ता गरी अनलाइन पत्रकारिता र अन्य डिजिटल मिडिया गरी प्रकृति खुलाई दर्ता प्रमाणपत्र प्रदान गर्न सक्ने उल्लेख छ । अन्य डिजिटल मिडिया भनेको बारे प्रष्ट नपार्दा समस्या हुन सक्छ ।

दफा २६ मा दर्ता भएका अनलाइन माध्यमले प्रत्येक वर्ष नवीकरण गर्नु पर्ने प्रावधान छ । यो प्रावधान सर्वोच्च अदालतले संविधानसँग बाझिएको भन्दै खारेज गरिसकेको छ ।

दफा २९ मा कुनै सामग्री आफ्नो अनलाइनमा प्रकाशन प्रसारण गर्ने दुवैलाई प्रचलित कानुन बमोजिम कारवाही हुने र त्यस्तो सामग्री इन्टरनेटबाट हटाउन समेत सकिने उल्लेख छ ।

दफा ७ को ङ मा प्रेस रजिष्ट्रारको योग्यतामा नेपाल सरकार वा प्रदेश सरकारबाट प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गरी कम्तिमा दश वर्ष पत्रकारिता क्षेत्रमा कृयाशिल रहेको उल्लेख छ । नेपाल सरकार वा प्रदेश सरकारबाट प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गरी भनेपछि दोहोरो व्याख्या गर्न मिल्ने भएकाले समस्या सिर्जना हुन सक्छ ।

दफा ८ को घ मा प्रेस रजिष्ट्रार पद मुक्त हुने अवस्थामा निज शारीरीक वा मानसिक रूपमा अशत्त भइ कार्य सम्पादन गर्न असमर्थ रहेको भनी विज्ञ सम्मिलित तोकिए बमोजिमको सिफारिसमा मन्त्रालयले पदमुक्त गरेमा भन्ने उल्लेख छ । विज्ञ सम्मिलित भनी लेख्दा अन्योल हुने देखिन्छ ।

दफा ९ को  झ मा प्रेस रजिष्ट्रारको काम, कर्तव्य  र अधिकारमा श्रमजीवी पत्रकार र आमसञ्चार माध्यमको व्यवस्थापकका बीच सेवा शर्त र सुविधा सम्बन्ध विवाद वार्ता र मेलमिलाप माध्यमबाट समाधान गर्न पहल गर्ने उल्लेख गरिएको छ ।  कानुनी पक्षबारे उल्लेख नगरिएकाले कार्यान्वयनका क्रममा समस्या आउन सक्छ ।

दफा ९ को  ट मा प्रेस रजिष्ट्रारको काम, कर्तव्य  र अधिकारमा आमसञ्चार माध्यमको वर्गीकरण गर्ने सम्बन्धमा सिफारिस गर्ने उल्लेख छ । रजिष्ट्रारले कसलाई सिफारिस गर्ने, त्यो प्रष्ट नहुँदा पछि समस्या हुन सक्छ ।

परिच्छेद ४ मा छापा सञ्चार माध्यम दर्ता गर्नु पर्नेमा तोकिएको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ भन्ने उल्लेख छ । कुन कार्यालय भनेर स्पष्ट नगर्दा समस्या हुन सक्छ ।

दफा १३ मा छापा सञ्चारको वर्गीकरणमा छापासञ्चारलाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाबाट उपलब्ध गराइने सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउने प्रयोजनका लागि तोकिए बमोजिमको प्रकृया अपनाइ वर्गीकरण गर्ने उल्लेख छ । त्यो काम कस्ले गर्ने भन्ने स्पष्ट नहुँदा  अन्योल सिर्जना हुन सक्छ ।

# ४. सुझावहरू

- विधेयकमा मिडिया स्वतन्त्रताको प्रबर्धन होइन, बन्देज वा नियन्त्रणको गुन्जायस पाइन्छ । त्यसबाट मुक्त हुनका लागि सैद्धान्तिक र वैचारिक रूपमा नै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य तथा मान्यताबाट निर्देशित हुन जरूरी छ ।

- विधेयकको प्रस्तावनाको भाषा "...गण्डकी प्रदेशमा सञ्चालन हुने आमसञ्चार माध्यमलाई स्वतन्त्र, मर्यादित र जिम्मेवार बनाई विचार, अभिव्यक्ति स्वतन्त्रता तथा सञ्चारको हकलाई प्रभावकारी बनाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न..." ले नेपालको संविधानमा परिकल्पना गरिएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रको मर्मलाई आत्मसात गरेको छैन । संविधानले प्रत्याभूत गरेका प्रावधानलाई विधेयकले आत्मसात गर्नु पर्छ ।

- रजिष्ट्रारको व्यवस्था हुँदाहुँदै सञ्चार समन्वय समिति बनाउन जरूरी देखिदैन । रजिष्ट्रारलाई अधिकार सम्पन्न बनाउँदा बढी प्रभावकारी हुन सक्छ ।

- दफा १५ मा छापासञ्चार दर्ता भएको मितिले एक वर्षभित्र एक अंक पनि प्रकाशन नगरेमा, छापाखाना प्रकाशन नगरेको मितिले एक वर्षभित्र त्यसको लिखित सुचना प्रेस रजिष्ट्रारलाई नदिएमा तर दर्ता भइ सञ्चारमा रहेको छापाखानाले पाँच वर्षसम्म पनि कुनै अंक प्रकाशन नगरेमा त्यस्तो छापा सञ्चारको दर्ता कामय नरहने प्रावधान नेपालको संविधान २०७२ सँग बाझिएको हुँदा तत्कालका लागि हटाउँदा हुन्छ । तर, यहाँ उल्लेख गरिएको प्रावधानले व्यवहारिक रूपमा दर्ता मात्र हुने प्रकाशन नहुने अनि नाम समेत नपाउने अवस्थालाई अन्त्य गर्न सहयोग पुग्ने देखिएकाले यो विषयमा थप बहस गर्दै आगामी दिनमा संविधान संशोधन हुँदा संविधानमा रहेको प्रावधानलाई परिमार्जित गर्न सकिन्छ । तर संविधान संशोधन गर्नेक्रममा र नयाँ व्यवस्था गर्दा आउन सक्ने नकारात्मक परिणामबारे भने सचेत हुन जरूरी हुन्छ ।

- दफा २० को उपदफा ३ मा सार्वजनिक प्रसारण संस्था र सामुदायिक प्रसारण संस्थाले प्राथमिकतामा राखी प्रसारण गर्ने विषय सञ्चारमाध्यमको प्राथमिकता सम्पादकीय अधिकारको विषय भएकोले राज्यले तोक्नु सञ्चारमाध्यमको आधारभूत सिद्धान्त विपरीत हुने हुँदा हटाउँदा उपयुक्त हुन्छ ।

- दफा २९ मा कुनै सामग्री आफ्नो अनलाइनमा प्रकाशन, प्रसारण, साभार वा उल्लेख गरेकोमा सो सामग्री दफा ४२ विपरित ठहरिएमा त्यस्तो सामग्री उत्पादन गर्ने र दफा २० को उपदफा ४ मा सार्वजनिक सेवा प्रसारण संस्था, सामुदायिक प्रसारण संस्था र निजी एवं व्यापारिक प्रसारण संस्थाले अन्तर्राष्ट्रिय प्रसारण माध्यमबाट प्रसारित समाचार प्रधान सामग्री र कार्यक्रमलाई मन्त्रालयले अनुगमन, नियमन तथा आवश्यक निर्देशन दिन सक्ने व्यवस्थाले हस्क्षेप निम्त्याउन सक्ने हुँदा निर्देशनको ठाउँमा सुझाव भन्दा उचित हुन्छ ।

- दफा २३ मा प्रसारको काम कर्तव्य र अधिकार सञ्चार माध्यम र पत्रकारले के गर्न हुने वा के गर्न नहुने भन्ने विषयलाई आचार संहितामा आकर्षित गर्दा उपयुक्त हुन्छ ।

- दफा ३६ मा आचारसंहिता उल्लघंन हेर्ने विषय प्रेस रजिष्ट्रारको क्षेत्रभित्र राखिएको छ । प्रसारण माध्यमको इजाजत, नियमन र अनुगमन आचार संहिता सबै हेर्ने व्यवस्था प्रेस रजिष्ट्रारमा नराख्दा उचित हुन्छ । आचार संहिता हेर्नका लागि छुट्टै संयन्त्र बनाउन जरूरी देखिन्छ ।

- आमसञ्चार नीतिमा विदेशी लगानीकर्ताको भूमिका निर्णायक हुने गरी विदेशी लगानीलाई प्रोत्साहन गरिने छैन दफा ३८ मा व्यक्ति वा संस्थाले कुनै पनि आमसञ्चार माध्यमका लगानी गर्न सक्ने छैन भन्ने व्यवस्थालाई परिमार्जन गर्न आवश्यक देखिन्छ ।

- फा ४२ मा नेपालको संविधानमा उल्लेख भएका विषय राखिएको छ । त्यसैले प्रदेशको कानुनमा नराख्दा पनि हुन्छ।

- दफा ५२ मा मन्त्रालयले प्रेस रजिष्ट्रारलाई आवश्यक निर्देशन सक्ने प्रावधानको दुरूपयोग हुन सक्ने हुँदा निर्देशनको सट्टा सुझाव शब्द राख्न उपयुक्त हुन्छ ।

- सर्वोच्च अदालतले संविधानसँग बाझिएको भन्दै अनलाइन दर्ता गर्न नपर्ने आदेश दिएकाले दफा २६ मा दर्ता भएका अनलाइन माध्यमले प्रत्येक वर्ष नवीकरण गर्नु पर्ने प्रावधानलाई हटाउन जरूरी हुन्छ ।

- दफा ७ को ङ मा प्रेस रजिष्ट्रारको योग्यतामा नेपाल सरकार वा प्रदेश सरकारबाट प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गरी कम्तिमा दश वर्ष पत्रकारिता क्षेत्रमा कृयाशिल रहेकोमा नेपाल सरकार वा प्रदेश सरकारबाट प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गरेको र कम्तिमा दश वर्ष पत्रकारिता क्षेत्रमा काम गरेको प्रावधान राख्दा थप स्पष्ट हुन्छ ।

- दफा ८ को घ मा प्रेस रजिष्ट्रार पद मुक्त हुने अवस्थामा निज शारीरीक वा मानसिक रूपमा अशत्त भइ कार्य सम्पादन गर्न असमर्थ रहेको भनी विज्ञ सम्मिलित तोकिए बमोजिमको सिफारिसमा मन्त्रालयले पदमुक्त गरेमा भन्ने उल्लेख भएकोमा अस्पताल वा चिकित्सक सहितको विज्ञ रहेको समितिले निज शारीरीक वा मानसिक रूपमा अशत्त भइ कार्य सम्पादन गर्न असमर्थ रहेको सिफारिस भएमा राख्दा उचित हुन सक्छ ।

- दफा ९ को ट मा प्रेस रजिष्ट्रारको काम, कर्तव्य र अधिकारमा आमसञ्चार माध्यमको वर्गीकरण गर्ने सम्बन्धमा रजिष्ट्रार आफैले गर्ने हो कि अरू निकायलाई सिफारिस गर्ने भन्ने उल्लेख गर्दा स्पष्ट हुन्छ ।

- दफा १३ मा छापा सञ्चारको वर्गीकरणमा छापासञ्चारलाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाबाट उपलब्ध गराइने सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउने प्रयोजनका लागि वर्गीकरण गर्ने निकाय उल्लेख गर्दा उपयुक्त हुन्छ ।

- नेपालको विद्यमान राजनीतिक प्रणालीमा सरकारले मिडियालाई नियन्त्रणको उपायले मर्यादित र जिम्मेवार बनाउने दाबी गर्नु उपयुक्त हुँदैन । मिडियालाई मर्यादित र जिम्मेवार बनाउने अमूर्त शब्दावलीले सरकारलाई बन्देजको मार्ग प्रशस्त हुने सम्भावना रहेकाले सचेत हुन जरूरी छ ।

सेन्टर फर मिडिया रिसर्च–नेपाल, मिडिया र नागरिक समाजसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडिया र नागरिक समाजका विभिन्न पक्षबारे अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्दै आएको छ । सेन्टरले पछिल्लो समय सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडिया र नागरिक समाजको क्षेत्रलाई संकुचन गर्ने गरी ल्याइएको नीति तथा कानुनहरूका कमी/कमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिँदै आएको छ । समग्रमा, मिडिया एवं नागरिक समाजसँग सम्बन्धित नीतिबारे अध्ययन/अनुसन्धान गर्न चाहनेहरूको सहजता र नीति सम्बन्धमा सरोकारवालाहरूको सरोकार एवं कार्यलाई एकीकृत गरी नीतिलाई समयसापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले सेन्टरले नेपालः मिडिया पोलिसी हब र सिभिक स्पेश पोलिसी हब सञ्चालन गर्दै आएको छ ।

**थप जानकारीका लागिः**

**सेन्टर फर मिडिया रिसर्च - नेपाल**

पो.ब.नं. २४६२२, काठमाडौं, नेपाल

रूद्रमति मार्ग, अनामनगर, काठमाडौँ ।

इमेलः cmrnepal@butmedia.org.np

वेभः research.butmedia.org